नेपाल सरकार

अर्थ मन्त्रालय

# प्रेस विज्ञप्ति

मिति २०८२ भाद्र २३ र २४ भएको प्रदर्शनबाट यस मन्त्रालय र अन्तर्गतका निकायहरुमा पुगेको भौतिक क्षतिबाट प्रभावित सेवा तथा राजस्व संकलनको कार्यलाई सुचारु गर्ने सन्दर्भमा आज मिति २०८२।०५।२९ गते उच्च व्यवस्थापक समूहको बैठक बसी देहाय बमोजम निर्णय भएको जानकारी गराइन्छ ।

१. अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग लगायतका केन्द्रीय निकायहरुको प्रमुख भौतिक संरचना, बजेट, भुक्तानी र राजस्व व्यवस्थापनसँग सम्बन्धित सूचना प्रविधि प्रणालीहरु सुरक्षित रहेको । २०८२ भाद्र २३ देखि महालेखा नियन्त्रक कार्यालयबाट रोक्का रहेको भुक्तानी प्रणाली आजैका मितिदेखि सुचारु गरिएको छ । भन्सार कार्यालयहरुबाट मिति २०८२।०५।२६ गतेदेखि नै सेवा प्रवाह सुचारु भएको र आन्तरिक राजस्व विभाग मातहतको अनलाईन सेवा निरन्तर सुचारू रहेको छ । अर्थ मन्त्रालय तथा मातहतका अधिकांश कार्यालयहरुबाट प्रवाह हुने भौतिक सेवालाई आजदेखि सुचारु गरिएको छ ।

२. अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र मातहतका विभाग तथा कार्यालयहरुमा पुगेको क्षतिको विवरण संकलन गर्ने कार्य भैरहेको छ । पूर्ण तथा आंशिक क्षति पुगेका कार्यालयहरुको सरसफाईको काममा कार्यालय प्रमुखको नेतृत्वमा कर्मचारीहरु सहभागी भई सेवा प्रवाह गर्न सहज हुने वातावरण तयार गर्न शुरु गरिएको छ ।

३. सवारी साधन क्षति भएका कार्यालयहरुका लागि अत्यावश्यक सवारी साधन अन्तर कार्यालयहरुसँग समन्वय गरी आन्तरिक रुपमै व्यवस्थापन गर्ने प्रवन्ध सम्बन्धित विभागका महानिर्देशकबाट मिलाइने छ ।

४. अर्थ मन्त्रालयको बजेट महाशाखा रहेको प्रिफ्याव भवन पूर्ण रुपमा क्षति भएको छ । अर्थ मन्त्रालयका १६ वटा चारपांग्रे सवारी साधन, ३६ वटा मोटरसाइकल र १८ वटा स्कुटर पूर्ण रुपमा क्षति भएको छ ।

५. आन्तरिक राजस्व विभाग मातहतका दमक, ईटहरी, विराटनगर, लाहन, जनकपुर, सिमरा, हेटौडा, विरगञ्ज, बुटवल, भैरहवा, नेपालगञ्ज, दाङ्ग, धनगढी, डडेल्धुरा र पोखरा स्थित आन्तरिक राजस्व कार्यालयहरु पूर्ण रुपमा क्षति भएको साथै कृष्णनगर र धुलिखेल स्थित आन्तरिक राजस्व कार्यालयहरु एवं ईलाम र सिन्धुली जिल्ला स्थित करदाता सेवा कार्यालयहरुमा आंशिक रुपमा क्षति पुगेको छ । भन्सार विभाग मातहतका मेची, भद्रपुर, कैलाली र जनकपुर भन्सार कार्यालयहरु पूर्ण रुपमा क्षति भएका र विराटनगर, नेपालगञ्ज, भैरहवा र ठाँडी भन्सार कार्यालयहरु आंशिक रुपमा क्षति पुगेको छ । महालेखा नियन्त्रक कार्यालय मातहतका काठमाडौं उपत्यकाका ३ र उपत्यका बाहिरका ४ गरी जम्मा ७ वटा कोष तथा नियन्त्रक कार्यालयको भौतिक संरचनामा क्षति पुगेको छ ।

६. मातहतका विभाग तथा कार्यालयहरुबाट हुने सेवा प्रवाह सहजीकरणका लागि आवश्यक निर्णय गर्न विभागहरुलाई निर्देशन दिइएको साथै सेवा सहजीकरणका लागि अन्य आवश्यक प्रक्रियागत विषय एवम् सञ्चालनमा रहेका सूचना प्रविधि प्रणालीहरु सुरक्षित बनाउने व्यवस्था सम्बन्धित विभागबाट मिलाइने छ ।

टंक प्रसाद पाण्डेय

सहसचिव एवं प्रवक्ता